दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३६ | अंक १८९ | बुटवल | २०८१ असार २२, गते शनिबार | नेपाल संवत ११४४ | Saturday July 06, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## लुम्बिनी :
# आफ्नै नेतृत्वमा सरकार बनाउन एमालेको पहल

आचार्य प्रदीप
*बुटवल*

केन्द्रमा कांग्रेस र एमालेबीच नयाँ सत्ता समीकरणका विषयमा सहमति भएसँगै लुम्बिनी प्रदेशमा त्यसको असर परेको छ। पार्टी केन्द्रको निर्देशनमा एमाले लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिएको छ । बिहीबार साँझ समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिएको एमालेले आफ्नै नेतृत्वमा सरकार बनाउने गृहकार्य सुरु गरेको छ। एमालेले सरकार गठनका लागि कांग्रेससँग संवाद थालेको छ । लुम्बिनीमा एमालेले समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री जोखबहादुर महराको नेतृत्वको सरकार अल्पमतमा परेको छ। लुम्बिनीमा सहमतीय सरकार बनाउन एमालेले पहल सुरु गरेको एमालेका प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले जानकारी दिए। चौधरीका अनुसार सरकारबाट बाहिरिएसँगै एमालेले सहमतिको सरकार गठनका लागि प्रक्रिया सुरु गरिएको जानकारी प्रदेश प्रमुख अमिक शेरचनलाई जानकारी पत्र बुझाएको छ। प्रमुख सचेतक चौधरीले राष्ट्रिय सहमतिको सरकार गठनको प्रक्रियालाई छिटो अगाडि बढाउन प्रदेश प्रमुखको कार्यालयलाई आग्रह गरेको पनि बताए।

प्रदेश प्रमुखको कार्यालय, लुम्बिनी प्रदेशकी उपसचिव धर्मा अर्यालले प्रदेश प्रमुख शेरचनको निर्देशनअनुसार आवश्यक कागजात तयार पारिने बताइन्। प्रदेश प्रमुख शेरचन केही दिनदेखि काठमाडौंमा रहेको उनका स्वकीय सचिव बसन्त भट्टचनले जानकारी दिए।

एमालेबाट मन्त्री बनेका चेतनारायण आचार्य, भूमिश्वर ढकाल, दिनेश पन्थी, रत्नबहादुर खत्री र अर्जुन केसीले २० असारमा राजीनामा दिएका थिए।

**अल्पमतमा मुख्यमन्त्री महरा**

८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा बहुमतका लागि ४४ सांसदको समर्थन आवश्यक पर्छ । एमालेले समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री महराको पक्षमा १८ जना सांसद मात्रै छन्। मुख्यमन्त्री महरालाई माओवादी केन्द्रका ११, नागरिक उन्मुक्ति पार्टीका ४, जसपाका २, नेकपा एकीकृत समाजवादीका १ र १ जना स्वतन्त्र सांसदको मात्रै समर्थन छ।

एमालेले समर्थन फिर्ता लिएसँगै कांग्रेस-एमालेको नयाँ गठबन्धनको बहुमत छ । प्रदेशसभामा एमालेका २९ र कांग्रेसका २७ गरी ५६ सांसद छन्। कांग्रेस-एमाले गठबन्धनले साना दलहरूलाई पनि नयाँ गठबन्धनमा समेट्ने तयारी गरेको छ। त्यसो हुँदा कांग्रेस-एमाले गठबन्धनमा लोकतान्त्रिक समाजवादी पार्टीका ३, राष्ट्रिय जनमोर्चा र जसपा नेपालका १-१ सांसद आउनेछन्।




**एमालेले मुख्यमन्त्रीलाई भन्यो– 'राजीनामा दिनुस्'**

एमालेले मुख्यमन्त्री महरालाई राजीनामा दिन आग्रह गरेको छ। तर, मुख्यमन्त्री महराले भने २४ असारसम्मको समय मागेका छन्। 'अल्पमतमा परेपछि मुख्यमन्त्री महराले राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ,' प्रमुख सचेतक चौधरीले भने-'केही दिनको समय मुख्यमन्त्रीले माग्नुभएको छ, त्यस दिनसम्म हामी कुर्छौं।' माओवादी केन्द्र संसदीय दलका नेता महरा २३ चैत २०८० मा एमालेसहित पाँच दल र एक स्वतन्त्र गरी ४८ सांसदको समर्थनमा मुख्यमन्त्री बनेका थिए। कांग्रेस-एमालेबीच केन्द्रमा नयाँ गठबन्धन बनाउने सहमति भएसँगै लुम्बिनीमा तीन महिना नपुग्दै सरकार ढलेको हो। यसअघि मुख्यमन्त्री महराले बिहीबार बिहान ११ बजेका लागि बोलाएको मन्त्रिपरिषद् बैठकसमेत एमालेका मन्त्रीहरूले बहिष्कार गरेका थिए।

**पूर्वनिर्धारित बैठक स्थगित**

केन्द्रमा सत्ता फेरिएपछि पूर्वनिर्धारित लुम्बिनी प्रदेशसभाको चौँथो अधिवेशनका लागि २४औँ बैठक स्थगित भएको छ । २०८१ असार २३ गते आइतबार दिउँसो १ बजे बस्ने गरी निर्धारण गरिएको बैठक विशेष कारणवश स्थगित भएको लुम्बिनी प्रदेशसभा सचिव दुर्लभकुमार पुन मगरले जारी गरेको सूचनामा उल्लेख छ।

सभामुख तुलाराम घर्तीमगरले अर्को सूचना प्रकाशन नभएसम्मका लागि लुम्बिनी प्रदेशसभा नियमावली २०७९ को नियम १२ को उपनियम (३) बमोजिम स्थगित गरिएको पुनले जानकारी दिए।

# असारे विकास : सडक पिच गरेको दुई दिनमै उप्किँयो



प्रेम सुनार
*गुल्मी*

गुल्मीको सदरमुकाम तम्घाससँगै जोडिएको सडक पिच गरेको दुई दिनमै ठाउँ-ठाउँमा उप्किएको छ । अर्घाखाँची जीप पार्कबाट पश्चिम लाग्ने तम्घास खाम्सेपानी नयाँ गाउँ नादी सूर्यटारी सडक खण्डको दुई किलो मिटर सडक पिच गरेको दुई दिन नबित्दै उप्किएको हो।

लोहनी एन्ड ब्रदर्श प्रालि चितवनले ७ करोड बढी लागतमा ८ वर्षअघि उक्त सडक पिच गर्ने जिम्मा लिएको थियो । जिम्मा लिएको ८ वर्षसम्म पनि उक्त निर्माण कम्पनी सम्पर्कविहीन भएर काम अलपत्र परेपछि रेसुङ्गा नगरपालिकाका मेयर खिलध्वज पन्थीले कार्यभार सम्हाले लगत्तै सम्पर्कमा ल्याएर पिच गर्ने कार्य सुचारु गराएका थिए।

सडक पूर्वाधार विकास कार्यालय गुल्मीका अनुसार उक्त सडक पिच गर्ने कार्यका लागि २०७२ साल असार ३१ गते सम्झौता भई सोही वर्षको चैत्र ३० गते सम्पन्न गर्नु पर्ने थियो । भ्याटसहित कुल ७ करोड १९ लाख ८७ हजार ७० रुपैयाँ लागतमा साढे दुई किलो मिटर पिच गर्ने कार्य जिम्मा लिए पनि झन्डै आठ वर्षसम्म ७ पटक म्याद थप्दै उक्त निर्माण कम्पनीका मालिक आनन्द लोहनी सम्पर्कमा आएका थिएनन्।

अलपत्र उक्त सडक निर्माण गराउन मेयर पन्थीले उनलाई खोजतलास गरी गत वर्षदेखि काममा लगाएका थिए । पहिलो चरणको पिच सकेर दोस्रो चरणको काम केही दिनअघि गरेकोमा अधिकांश स्थानमा पिच उप्किएर राज्यको रकम बालुवामा पानी खन्याए जस्तै भएपछि उपभोक्ताहरूले असारे विकासको रमिता देखाउन हामीलाई बोलाएर सडकको हविगत देखाएका थिए।

» बाँकी ३ पेजमा

# बुटवलको बजेट पारित

बुटवल । बुटवल उपमहानगरपालिकाको १५औं अधिवेशन बजेट, विभिन्न ऐन संशोधन र विधेयक पारित गर्दै सकिएको छ।

असार ५ गते सुरु भएको १५औं अधिवेशनले नगर प्रहरी ऐन बनाएको छ भने छाडा चौपाया व्यवस्थापन र नियन्त्रणसम्बन्धी ऐन, पशु बधशाला सञ्चालन र व्यवस्थापन ऐन, जलश्रोत उपयोग ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, सहकारी ऐन, शिक्षा ऐन संशोधन गरेको छ।

बुटवलको नगरसभाले लोकसेवा आयोगबाट नगर प्रहरीको भर्ना लिने गरी नगर प्रहरी ऐन बनाएको छ। यस्तै अन्य ऐनहरु आवश्यकता र जनचाहना बमोजिम संशोधन गरेको नगरप्रमुख खेलराज पाण्डेयले बताए।

शुक्रबारको नगरसभाको चौथो बैठकले चालु आर्थिक वर्षका कार्यपालिकाका बैठकका निर्णय अनुमोदन गर्दै न्यायिक समिति, लेखा समिति, अनुगमन समिति, आचारसंहिता अनुगमन समिति, जाँचपास तथा फरफारक समिति, विधायन समिति, सुशासन समितिको वार्षिक प्रतिवेदन पारित गरेको छ।

बैठकले अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक) छलफलसहित सर्वसम्मतिले पारित गरेको छ।

जेठ ९ गतेको बैठकमा उपप्रमुख सावित्रादेवी अर्यालले २ अर्ब ९९ करोड २२ लाख बराबरको बजेट प्रस्तुत गरेकी थिइन्।

उपप्रमुख अर्यालले १५औं अधिवेशनको तेश्रो बैठकमा प्रस्तुत गरेको बजेटअन्तरगत चालुतर्फ ४८ दशमलव ६५ प्रतिशत र पुँजीगततर्फ ५१ दशमलव ३५ प्रतिशत रहने अनुमान गरिएको छ। बुटवलले आगामी आर्थिक वर्षमा आन्तरिक श्रोतबाट ८५ करोड राजस्व संकलन गर्ने अनुमान गरेको छ।

# आगलागीबाट एक करोड बढीको क्षती



बुटवल। बुटवलको संगमपथमा दुई पसलमा आगलागी भएको छ । संगमपथस्थित बुटवल उद्योग वाणिज्य संघको भवनमा रहेको ज्ञवाली गिफ्ट पसल र जी फेन्सी स्टोरमा भएको आगलागीबाट एक करोड ४० लाखभन्दा बढीको क्षती भएको जी फेन्सी स्टोरका सञ्चालक शंकर ज्ञवालीले जानकारी दिए।

उनका अनुसार जी फेन्सी स्टोरको मात्रै एक करोड १० लाख बढीको क्षती भएको छ। त्यस्तै ज्ञवाली गिफ्ट पसलको ३० लाख बढी क्षती भएको छ।

शुक्रबार बिहान करिव २ बजेको समयमा ज्ञवाली गिफ्ट पसलबाट सुरु भएको आगलागीका कारण सँगै रहेको जी फेन्सी स्टोर समेत जलेर पूर्णरुपमा क्षती भएको छ।

तत्काल स्थानीय, प्रहरी तथा बुटवल उप-महानगरपालिकाको दमकलको सहायताले करिव २ घण्टामा आगो नियन्त्रणमा लिइएको भए पनि आगलागी भएको दुई पसलमा पूर्णरुपमा क्षती भएको बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले बताए।

के कती कारणले आगलागी भयो यकिन नभए पनि विद्युत् सर्किट सट भएको हुनसक्ने अनुमान गरिएको छ। पसलमा भएको आगलागी नियन्त्रण हुन नसकेको भए त्यसबाट ठूलो क्षती व्यहोर्नुपर्ने बुटवल उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजूले बताए।

भैरहवामा प्राविधिक शिक्षा अध्ययन गर्न भर्ना खुल्यो



CTEVT बाट सम्बन्धन प्राप्त यस प्रतिमान- निमा स्मृति प्रतिष्ठानमा
शैक्षिक सत्र ०८१/०८२ का लागी भर्ना फारम खुल्यो ।

| कार्यक्रमहरु | अवधी | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|
| Lab Technician | ३ वर्ष | SEE मा Overall GPA score 2.0 हुनुपर्ने । |
| Diploma In Forestry | ३ वर्ष | SEE मा Overall GPA score 1.6 हुनुपर्ने । |

- फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते ।
- प्रवेश परिक्षा संचालन हुने मिति : २०८१ श्रावण १५ गते विहान ८ बजे ।

विशेषताहरू:
- शान्त मनोरम वातावरणमा आफ्नै ॰
- अनुभवी प्रध्यापकहरुद्वारा अध्यापन गराइने ।
- न्यूनतम शुल्कमा अध्ययन गर्न सकिने ।
- भौतिक पूर्वाधार सम्पन्न भएको ।

थप जानकारीको लागि:
प्रतिमान-नीमा स्मृति प्रतिष्ठान
सिद्धार्थनगर-३ भैरहवा, रुपन्देही
फोन नं.: ०७१-५९०८५६, ९८४१२७१६६४, ९८५७०१५६२८



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८१ असार २२ गते, शनिबार
तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

सबैभन्दा खतरनाक हुन्छ
मुर्दा–शान्तिले भरिनु,
छट्पटी नहुनु,
सबथोक सहनु,
घरबाट काममा जानु र
कामबाट सधैँ घर फर्कनु ।
सबैभन्दा खतरनाक हुन्छ
हाम्रा सपनाहरूको मृत्यु हुनु ।

– अवतारसिंह पाश
भारतीय कवि

कथा

# आमोंका टोकरा

## (आँपका डाला)

**शअदत हसन मण्टो**
**अनुवादः जंगबहादुर शाह**

खजानाका सारा लिपिकहरु जान्दथे कि मुंशी करीम बख्शको पहुँच बडा साहेबसम्म छ र यसकारण ती सब उसलाई आदर गर्दथे । त्यो प्रति मास आफ्नो पेन्शनको फारम भर्न २ रुपैयाँ लिनको लागि खजानामा जाँदा त्यसको काम छिटो-छिटो गरिन्थ्यो । तीस वर्षसम्म श्रम गरे बापत त्यसले सरकारबाट मासिक पचास रुपैयाँ पेन्शन पाउँदथ्यो । प्रति मास दस-दसका पाँच नोट त्यसले आफ्ना काम्ने हातले समात्दै त्यो आफ्नो पुरानो छाँटको लामो कोटको भित्री खल्तीमा राख्दथ्यो । चश्माको भित्रबाट खजाञ्जीलाई प्रेमिल दृष्टिले हेर्दै, “बाँचिरहें अर्को महिना फेरि सलाम गर्न आउनेछु” भन्दै त्यो बडा साहेबको कार्यकक्षातिर लाग्दथ्यो ।

त्यस बखत मुंशी करीम बख्शको उमेर पैंसट्ठीभन्दा अलि धेरै थियो तर, त्यसको जवानी र बुढौतीमा कुनै फरक परलक्षित हुँदैनथ्यो ।

पेन्शन बुझेर त्यसले छोटे जज साहेब अर्थात् कनिष्ठ न्यायाधीशको कोठानेर पुगेर आफू आएको सूचना भित्र पठाउँदथ्यो । आफ्ना दिवंगत पिताको ठाउँमा हालसालै नियुक्त भएका छोटे जज साहेबले त्यसलाई धेरै बेर बाहिर उभ्याई राख्दैनथे, तुरुन्ते भित्र बोलाएर आफ्नो काम छाडेर त्योसँग बात मार्न थाल्दथे–

“भन्नुहोस् मुंशीजी ! स्वास्थ्य कस्तो छ ?”

“अल्लाह (परमेश्वर)लाई लाखौं धन्यवाद छ । हजुरको आर्शीवादले सानन्द छु ।”

“मैले गर्न सक्ने कुनै सेवा ?”

“यसो भनेर मलाई किन लज्जित गर्नुहुन्छ हजुर । बरु मैले गर्न सक्ने केही छ भने मर्जीहोस् !”

“तपाईंको दया भए पुग्छ मुंशीजी ।”

यति कुराकानी भइसकेपछि त मुंशीले बडे जज साहेबलाई याद गर्दै लम्बेतान सुरु गरिदिन्थ्यो र यसै सिलसिलामा त्यसको आँपको बगैंचा (आम्रवाटिका) को पनि चर्चा हुन लाग्दथ्यो । आँप पाक्ने समयमा जज साहेबको छोराको कोठीमा डालाभरि आँप पुग्दथे । मुंशीलाई खुशी पार्नका लागि तिनी प्रतिमास उसलाई स्मरण गराउँदै भन्दथे–

“मुंशीजी ! हेर्नुहोस्, यस मौसमा आँपका ‘टोकरा’ (टोकरीभन्दा ठूलो डालों) पठाउन नबिर्सनुहोला । पछिल्लो पटक जो आँप तपाईंले पठाउनुभएको थियो, तीमध्ये मेरो भागको जम्मा दुइटा परेका थिए ।”

तर, कुरा गर्दागर्दै तिनको भागमा पर्ने आँपको संख्या कहिले तीन त कहिले चार त कहिले एक मात्र हुन पुग्दथ्यो ।

मुंशी करीम बख्श यस्ता कुरा सुनेर औधी खुसी हुन्थ्यौं र भन्दथ्यो–

“यस्तो पनि कहिले हुन सक्छ हजुर ! आँप पाक्नासाथ म डालाभरि लिएर उपस्थित हुनेछु हजुर । दुई डाला भन्नुभयो भने दुई डालाका साथ नै उपस्थित हुनेछु हजुर । यी बगैंचा कसका हुन् ! हजुरकै हुन् ।”

कहिलेकाहीं छोटे जज साहेबले सोध्ने गर्थे–

“मुंशीजी ! तपाईंका बगैंचा कहाँ छन् ?”

“दीनानगर (वर्तमान भारतीय पंजाबको पश्चिमी शहर, जिल्ला गुरदासपुर ।अनु.)मा छन् हजुर ! धेरै छैनन्, जम्मा दुईओटा छन् । तीमध्ये एउटा त मैंले भाईलाई दिएको छु जसले त्यतातिरको व्यवस्थापन हेर्दछ ।

.... .... ...

जून महिनाको दुई तारीखका दिन, मुंशीजी ‘मे’ महिनाको पेन्शन थापेर जज साहेबको कार्यकक्षमा पुग्यो र भन्यो–

“दीनानगरबाट चिठ्ठी आएको छ कि आँप अझैं छिप्पिएका छैनन् । ती छिप्पिएर पाक्नासाथ म पहिलो डालोका साथ उपस्थित हुनेछु हजुरको सेवामा । अनि जज साहेब ! असौं यस्ता आँप आउनेछन् कि हजुर औंधी खुसी हुनुहुनेछ । मलाई (दूधको बाक्लो तर) र महजस्तो स्वादिलो भएनन् भने म जिम्मेदार । मैलें लेखी पठाएँ कि छोटे जज साहेबका लागि एक डालो विशेषरुपले छिटो पठाइयोस् । दस-पन्ध्र दिन अरु पर्खनुपर्ला हजुर ।”

छोटे जज साहेबले धन्यवाद दिएपछि मुंशीजी आफ्नो छाता समातेर प्रसन्नवदन घर फर्की आए ।

घरमा त्यसकी विधवा भगिनी र पत्नी थिए । मुंशीका कुनै सन्तान नभए पनि पचास रुपैयाँमा गुजारा हुँदैनथ्यो र त्यस्तो अभावका कारण, त्यसकी पत्नीका गहना-गुरिया यी आठ वर्षमा एक-एक गरी बिकिसकेका थिए ।

.... ... ....

जज साहेबपछि दोस्रा नम्बरमा एकजना सेवानिवृत्त अधिकारी थिए । उनीसँग मुंशी करीम बख्शको भेटघाट प्रतिदिन कम्पनी बाग (भारत कब्जा गर्ने बेलायतको ‘ईस्ट इण्डिया कम्पनी’का नाममा राखिएका उद्यानहरु)मा हुनेगर्थ्यो ।

उद्यानमा सैर गर्दा मुंशीजी र रिटायर्ड अफिसरबीच अन्तरंगता बढ्दै गयो । नायब उपरीक्षकले आफ्नो बहादुरीको चर्चा गर्दागर्दै करीम बख्शका आँपका बगैंचाको चर्चा पनि गर्न थाल्दथे–

“मुंशीजी ! भन्नुहोस् त, असौं आँपको फसल कस्तो भयो होला ?”

“डिप्टी साहेब ! गत वर्ष धेरै आँप फलेकाले असौं फसल अलि कमजोर नै रहला ।”

“गत वर्ष तपाईंले पठाएका आँप धेरै राम्रा र बहुतै गुलिया थिए ।”

“असौं पनि त्यसै बुटाका आँप टक्र्याउँला जो पोहोरका भन्दा पनि दामी हुनेछन् ।”

यस मानिसलाई पनि करीम बख्श हर साल, समयमा डालाभरि आँप पठाउँदथ्यो ।

... ... ...

आँप पाक्नासाथ बूढो करीम बख्श जवान बन्दथ्यो । डिप्टी साहेब र जज साहेबकहाँ आँपका डाला पठाउनका लागि यति दौडधूप गर्दथ्यो जति कि बीस-पच्चीस वर्षको लक्का जवानले पनि गर्न सक्दैनथ्यो । अत्यन्त सावधानीपूर्वक आँपका टोकरा खोलिन्थे । तिनका घाँसफूस झिकिन्थे र दागी र गलेसडेका दाना अल्पा गरिन्थे । अनि सफा-सग्ला आँप नयाँ डालामा ‘प्याक्’ गरिन्थे गनीगनीकन । पुराना डालाबाट आँप झिक्दा र नयाँ डालामा प्याक् गर्दाखेरि मुंशीकी सहोदरा र पत्नीका मुख रसाए पनि तिनी केही भन्दैनथे । ठूला-ठूला सरस सुन्दर आँप देखेर तीमध्येबाट कुनै एकजनाले थाम्न नसकेर अचानक यसो भनिदिन्थिन्–

“यस डालाबाट दुई दाना आँप झिकिदिए कति पो नोक्सान होला र !”

मुंशीजीको जवाफ आउँदथ्यो–

“यति आतुर हुने आवश्यकता छैन । अरु आउलान् नि ।”

मुंशीका त्यस्तो कुरा सुनेर तिनीहरु चुप लाग्दथे । आफ्नो काम गरिरहन्थे ।

सदाका जस्तै यस पटक पनि आँपका दुई डाला मात्र आए । सडेगलेका अलग गरिए । जो राम्रा थिए, तिनलाई मंशी करीम बख्शले आफ्नै निगरानीमा गन्न लगाएर नयाँ डालामा राख्न लगायो । बाह्र बजेभन्दा पहिले यो काम सिद्धियो र दुवै डाला, पानीको धारा भएको कोठामा, चीसो ठाउँमा राख्न लगाए ताकि आँप खराब नहोउन् ।

त्यतातिरबाट निश्चिन्त भएपछि, दिवाभोजनपश्चात् मुंशी करीम बख्श आफ्नो कोठामा गएर पल्टियो ।

जून महिनामा अन्तिम दिन थिए । गर्मी यति धेरै थियो कि भित्ता तावाझैं तातेको थियो । त्यो गर्मीयाममा धारा भएको कोठामा चटाई ओच्छ्याएर सुत्दथ्यो । त्यहाँ नालीको बाटोगरी चीसो हावा पनि आउँदथ्यो तर यसबखत त्यस कोठामा आँपका ठूला-ठूला दुईटा डाला राखिएकाले त्यहाँ सुत्ने ठाउँ नै रहेन । त्यसकारण त्यसले भट्टीजस्तो तातो कोठामा साँझको ६ बजेसम्म समय बिताउनुपर्‍यो ।

आँपका डालाहरुलाई धारा भएको कोठामा राख्न लगाएर जब त्यो तातो कोठामा बस्यो तब हाते पंखा चलाउँदा-चलाउँदै त्यसलाई रिंगटा लाग्यो । आँखा अगाडि अन्धकारजस्तो छाउन थाल्यो । अनि त्यसलाई लाग्यो कि त्यसको सास बन्द हुनेवाला छ । त्यस्तो दौरा त्यसले पहिले पनि पटक-पटक झेलिसकेको थियो । यसकारण त्यसको मुटु कमजोर भएको थियो । तर, यस्तो जबरदस्त दोरा कहिल्यै आएको थिएन । त्यसलाई सास फेर्न गाह्रो हुन थाल्यो, जोरसँग रिंगटा लाग्न थाल्यो । त्यसले अत्तालिएर पत्नीलाई बोलायो कराउँदै ।

त्यसको आवाज सुनेर त्यसकी पत्नी र सहोदरा, दुवै दुगुर्दै भित्र आए । दुवैलाई थाहा थियो त्यसलाई यस्ता दौरा किन आउँदछन् । त्यसकी सहोदराले तुरुन्त गएर छिमेकीसँग डाक्टर बोलाइदिने अनुरोध गरी ताकि सुई (इन्जेक्शन) लागोस् । तर, केही मिनेटभित्रै मुंशी करीम बख्शको अवस्था बहुत गम्भीर भयो । त्यसको हृदयगति मत्थर हुनथाल्यो र त्यो खाटमाथि माछाजस्तै तड्पिन थाल्यो । त्यसकी पत्नी र सहोदरा रोइरहेका थिए । छिमेकीहरु एकत्र हुँदै थिए ।

त्यसको अवस्था सुधार्नका लागि अनेक प्रयास गरिए तर काम लागेनन् । डाक्टर आउनुभन्दा पहिले नै मुंशीले आफ्नो जीवनको अन्तिम सास फेर्न थाल्यो । निकै कठिनाइका साथ त्यसले कोल्टेफेरी खाट नजिकै बसेका छिमेकीसँग क्षीण स्वरमा भन्यो–

“तिमीहरु सबै बाहिर जाऊ, म आफ्नी पत्नीसँग कुरा गर्न चाहन्छु ।”

त्यसकी पत्नी र सहोदरा बाहेक सबै बाहिर गए । रोईरोईकन तिनीहरुको हाल, बेहाल भइरहेको थियो । मुंशीजीले इशारा गरेर पत्नीलाई नजिक बोलाएर भन्यो–

“आँपका दुवै डाला आज साँझ डिप्टी साहेब र जज साहेबका कोठीमा अवश्य पुग्नुपर्छन् । नत्र, यहाँ रहिरहे खराब होलान् ।”

यताउति हेरेर त्यसले अत्यन्त क्षीण स्वरमा भन्यो–

“हेर, तिमीलाई मेरो सौगन्ध छ । मेरो अवसानपछि पनि कसैले आँपको भित्री कुरा थाहा नपाओस् । कसैलाई यो नबताउनू कि यी आँप त हामी बजारबाट किनेर अरुकहाँ पठाउँदैथ्यो । कसैले सोध्यो भने भन्नू कि दीनानगरमा हाम्रा बगैंचा छन्...बस...म गएपछि छोटे साहेबकहाँ खबर अवश्य गरिदिनू ।” केही बेरपछि मुंशी करीम बख्शले इहलोक त्यागिदियो । त्यसको मृत्युको समाचार मानिसहरुले डिप्टी साहेब र छोटे जज साहेबकहाँ पुर्‍याइदिए तर ती दुवै जरुरी काम वा अन्य कुनै बाध्यतावश शवयात्रामा सामेल हुन सकेनन् ।

कविता

# राई माइलाले गाउँ छोड्यो



दिल साहनी

राई माइलाले गाउँ छोड्यो भनेर
यहाँ ठूलो रुवावासी चलेको देखियो
मान्छेहरूका नौ नाडी गलेको देखियो
देश नै चिन्ताको महासागरमा डुबेको देखियो
यही विषयलाई थिम बनाएर
काव्य महाकाव्यको रचना गर्न
कविहरूले कलम चोबेको देखियो
आज हो र राई माइलाले गाउँ छोडेको
हिजैदेखि हो राई माइलाले गाउँ छोडेको
हिजो राई माइलाले गाउँ छोडेको थियो र त
देवकोटाले मुना मदन लेखे
हिजो राई माइलाले गाउँ छोडेको थियो र त
बालकृष्ण समले मुकुन्द इन्दिरा लेखे
हिजो राई माइलाले गाउँ छोडेको थियो र त
रूपनारायणले भ्रमर लेखे
हिजो राई माइलाले गाउँ छोडेको थियो र त
बाङ्देलले मुलुक बाहिर लेखे
हिजो राई माइलाले गाउँ छोडेको थियो र त
लीलबहादुरले बसाईं लेखे
हिजो राई माइलाले गाउँ छोडेको थियो र त
धर्मराज थापाले डाँडा काँडा नै थर्काउने गरी
गीत गाए
नेपालीले माया मार्‍यो बरिलै

लौ भन त कवि आफैँ
तिम्रै आत्मालाई साक्षी राखेर
जो गाउँ छोडेर गएका थिए
आखिर को फर्केर आए
उतै मुग्लानतिर नै बिलाए
कोही शरणार्थी भएर आए पनि
खोइ कहाँ शरण पाए
खोइ कहाँ आश्रय पाए
खोइ कहाँ बास पाए
खोइ कहाँ गास पाए
हिजो प्रथम विश्व युद्धमा होमिएका
राई माइला नै त हुन्
हिजो दोस्रो विश्व युद्धमा होमिएका
राई माइला नै त हुन्
कति मारिए मारिए राई माइलाहरू युद्ध भूमिमा
त्यसको कुनै हिसाब छैन
अभिलेख छैन
कति बाँचेर आए पनि
फेरि हङकङ आइडीको बल्छीले तानिएर गए
हिजो अंग्रेज नेपाल युद्धको बेलादेखि
राई माइलाले गाउँ छोड्ने श्रृंखला
अझ पनि जारी छ
कतै गोर्खा भर्तीको नाममा त
कतै वैदेशिक रोजगारको नाममा
हो डीभीको चिट्ठाले पनि
तानिरहेछ राई माइलालाई मुग्लानतिर

यसैले पनि
आँसु चुहाउनु व्यर्थ छ
गीत गाउनु व्यर्थ छ
कविता कोर्नु व्यर्थ छ
राई माइलाले गाउँ छोड्यो भनेर
राई माइलाले जबसम्म भविष्य देख्दैन आफ्नो
आफू जन्मे हुर्केको ठाउँमा
राई माइलाले गाउँ पक्कै छोड्छ
हिजो पनि छोडेको थियो गाउँ राई माइलाले
आज पनि छोडेको छ गाउँ राई माइलाले
थाहा छैन अझ कहिलेसम्म
गाउँ छोड्ने हो राई माइलाले
थाहा छैन अझ कहिलेसम्म
कविहरूले कविता कोरिरहने हुन्
गीतकारले गीत गाइरहने हुन्
गुनासो गर्दै
राई माइलाले गाउँ छोड्यो भन्दै ।

सन्दर्भः १०१औँ पुष्पलाल स्मृति दिवस

# आगतको सङ्घारमा पुष्पलालको पदचाप पछ्याएर– २



रामचन्द्र श्रेष्ठ

*(नेपाल वैकल्पिक अध्ययन समाज र नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजनामा २०८० साउन ७ गते प्रज्ञा प्रतिष्ठान, काठमाडौंमा सम्पन्न ‘वर्तमान सन्दर्भमा पुष्पलाल’ विषयक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत विचार पत्र ।)*

**२०१७ साल, दरभङ्गा प्लेनम र तेस्रो महाधिवेशन**

२०१७ पुस १ गते राजा महेन्द्रले सैनिक ‘कु’ मार्फत् शासन कब्जा गरेपछि नेपालको कम्युनिष्ट आन्दोलन पुनःगठन र विचलनको गम्भीर मोडमा पुग्यो । नेकपाका कैयौं नेता, कार्यकर्ता पक्राउ परे भने पुष्पलाल भूमिगत हुनुभयो । शाही ‘कु’ हुँदा नेकपा महासचिव डा. केशरजंग रायमाझी मस्कोमा थिए । त्यतिबेला पोलिटब्युरोको ३ सदस्यमात्र काठमाडौंमा थिए । पुष्पलालको पहलमा पोलिब्युरोको बैठक बसेर राजाको कदमको विरोध गर्दै जतनाको मौलिक अधिकार संरक्षण हुनुपर्ने, गिरफ्तार व्यक्ति रिहा हुनुपर्ने माग राखेर वक्तत्व जारी भयो ।

डा. रायमाझी मस्कोबाट काठमाडौं नआई दरभंगा आएर त्यहीँबाट राजाको समर्थनमा वक्तत्व जारी गरे । बहुमत पोलिटब्युरो सदस्यले राजाको कदमको विरोध गरिसकेको अवस्थामा पार्टी महासचिवको कदमले नेकपा फुट तर्फ जान थाल्यो ।

पार्टी नीति तय गर्न भारतको दरभंगामा पार्टीको केन्द्रीय प्लेनम (केन्द्रीय समितिको विस्तारित बैठक) आयोजना भयो । उक्त प्लेनमा ५ पोलिटब्युरो सदस्यसहित २४ जिल्लाको प्रतिनिधित्व गर्ने ५४ केन्द्रीय सदस्यहरूको उपस्थिति थियो । प्लेनममा तीन राजनीतिक कार्यदिशा प्रस्तुत भए – केशरजंग रायमाझीद्वारा संसदीय व्यवस्थाको पुनःस्थापनाको निम्ति सङ्घर्ष गर्ने, पुष्पलालद्वारा विघटित संसदको पुनःस्थापनाको लागि सङ्घर्ष गर्ने र मोहनविक्रम सिंहद्वारा संविधानसभाको निर्वाचनको लागि सङ्घर्ष गर्ने । कुनै राजनीतिक लाइन निक्यौंल गर्न नसके पनि प्लेनमले डा. रायमाझीको राजावादी रुझानको कारण उनलाई महासचिवबाट हटायो । तीन जनाको सचिवालय गठन भयो । सचिवालयमा केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ र डीपी अधिकारी रहने निर्णय भयो । प्लेनमले ९ महिनाभित्र तेस्रो महाधिवेशन बोलाउने निर्णय गर्‍यो ।

प्लेनमले निर्णय गरे अनुसार सचिवालय चलेन । महाधिवेशनको कुनै संकेत देखापरेन । बरु डा. रायमाझी दरबारको निकट हुन थाले ।

पार्टीलाई निश्चित राजनीतिक दिशामा अगाडि बढाउन अन्तर जोन सामन्जस्य समितिको आयोजनामा २०१९ बैशाख ४-१५ (१९६२ अप्रिल १६-२७)मा भारतको बनारसमा तेस्रो महाधिवेशन सम्पन्न भयो । महाधिवेशनमा तुलसीलाल अमात्यले ‘सर्वसत्ता सम्पन्न संसद्’, पुष्पलालले ‘विघटित संसदको पुनःस्थापना’ र मोहनविक्रम सिंहको तर्फबाट बलराम उपाध्यायले ‘संविधान सभा’को राजनीतिक कार्यदिशा प्रस्तुत गरे । महाधिवेशनले ‘राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम’ पारित गरी तत्काल संघर्षका लागि ‘सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को स्थापना निम्ति संघर्ष गर’ भन्ने नीति पास गरेको थियो । यसरी स्थापनाको समयमा नौलो जनवादको कार्यक्रम बोकेको पार्टी ‘राष्ट्रिय प्रजातन्त्र’मा पुगेको थियो । ‘राष्ट्रिय प्रजातन्त्र’ सोभियत संघले औपनिवेशबाट मुक्त नव स्वाधीन देशका लागि निर्माण गरेको राजनीतिक प्रस्ताव थियो । वास्तवमा ‘राष्ट्रिय प्रजातन्त्र’को अवधारणा निर्देशित प्रजातन्त्रको समर्थन नै थियो, तेस्रो विश्वमा प्रजातन्त्रका लागि आधार तयार नभइसकेकाले शक्तिशाली शासकले निर्देशन गरेको प्रजातन्त्र हुनुपर्छ भन्ने अवधारणा थियो । पुष्पलालले ‘नौलो जनवाद’को पक्षमा तुलसीलालसँग सङ्घर्ष गरिरहनुभयो । तत्कालीन परिवेशमा सोभियत संघ र चीन बीच शुरु भएको ‘महान् बहस’ले पनि ‘नौलो जनवाद’ र ‘राष्ट्रिय प्रजातन्त्र’बीचको बहसलाई झनै घनीभूत पार्दै थियो ।

अर्कोतर्फ, डा. केशरजंग रायमाझी पक्षधरले २०२३ सालमा काठमाडौंमा तेस्रो सम्मेलन गरेपछि नेकपा विधिवत रूपमा विभाजित भयो ।

**पुनः नयाँ जनवाद**

तुलसीलाल नेतृत्वमा नेकपाले खासै गतिविधि गर्न सकेन । तत्कालीन अवस्था नेपाली कम्युनिष्ट आन्दोलन अनेकौ फुट वा अलमलमा गुज्रेको देखिन्छ । पार्टीका केन्द्रीय बैठकहरू हुन छाडेका थिए । केन्द्रीय नेताहरूले पार्टीसँग सम्बन्ध तोडेका थिए । देशभित्र फरक-फरक क्षेत्रमा फरक फरक तरिकाले गतिविधि भइरहेका थिए । पार्टी महासचिव रहेका तुलसीलाल बनारस छोडेर दरभंगा गएर बसेका थिए ।

यस्तो विषमकम्युनिष्ट आन्दोललाई पुनः सही दिशामा डोर्‍याउन पुष्पलाल प्रयत्नशील हुनुहुन्थ्यो । पुष्पलाल पार्टीलाई नयाँ ढंगले गति दिने सोचमा हुनुहुन्थ्यो । त्यसका लागि सैद्धान्तिक आधार निर्माण गर्न सैद्धान्तिक कामलाई बढी जोड दिनुभयो । यहीं क्रममा उहाँले आफ्नै सम्पादनमा ‘नेपालपत्र’ र ‘नेपाल ट्रिब्युन’ सम्पादन गरिरहनुभएको पनि थियो । पुष्पलालसहित केन्द्रीय कार्यालयमा उपलब्ध ६ जना केन्द्रीय सदस्यहरू सहित ‘नेपाली जनआन्दोलन एक समीक्षा’ र ‘नेपाल कम्युनिष्ट पार्टीको अठार वर्षको क्रान्तिकारी सङ्घर्षको सिँहावलोकन एवम् शिक्षा’ शीर्षकका दस्ताबेजहरू तयार पार्नुभयो ।

२०२४ भदौमा पुष्पलालले कन्भेन्सनको आयोजना गर्नुभयो । कन्भेन्सनले ‘पार्टी सिंहावलोकन’ मस्यौदाको रूपमा पारित गर्‍यो र सम्मेलन आयोजना गर्ने निर्णय गर्‍यो । (रावलः२०४७, पृ.६८)

» *बाँकी ३ पेजमा*

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४

# आगतको सङ्घारमा......

कन्भेन्सनको निर्णय अनुसार २०२५ जेठमा भारतको गोरखपुरमा नेपाल कम्युनिष्ट पार्टीको तेस्रो ऐतिहासिक सम्मेलन आयोजना भयो। सम्मेलनमा गुल्मीदेखि रौतहट सर्लाहीसम्मका जिल्लाहरूका प्रतिनिधित्व थियो । सम्मेलनमा ४० जना सहभागी थिए । सम्मेलनले पुष्पलाललाई महासचिवमा पुनःस्थापित गऱ्यो । सम्मेलनले 'नेपाल कम्युनिष्ट पार्टीको अठार वर्षको क्रान्तिकारी सङ्घर्षको सिंहावलोकन एवम् शिक्षा', 'राजनीतिक प्रतिवेदन', 'सङ्गठनात्मक प्रस्ताव' र 'नयाँ जनवादी कार्यक्रम' शीर्षकका चारवटा दस्तावेज पारित गऱ्यो।

तेस्रो सम्मेलनले पारित गरेको दस्ताबेजमा नेपाली समाजलाई अर्धउपनिवेशिक र अर्ध सामन्ती विश्लेषण गर्दै नेपाली क्रान्तिको लक्ष्यबारे यस्तो लेखिएको छः–

दरबारद्वारा नेतृत्व गरिएको नेपालको सामन्त वर्ग तथा अन्तर्राष्ट्रिय पूँजीवाद खास गरेर भारतीय एकाधिकार पूँजीवाद र अमेरिकी साम्राज्यवादद्वारा भैरहेको शोषणले गर्दा हाम्रो देशको सामाजिक स्थिति आज पनि अर्धऔपनिवेशिक तथा अर्धसामन्ती छ। जबसम्म नेपालको माटोबाट सामन्ती शोषण व्यवस्था र यसलाई आड तथा भरोसा दिई शोषण कार्यमा हिस्सेदार भइरहेको विदेशी पूँजीवाद खास गरेर भारतीय एकाधिकार पूँजीवाद तथा अमेरिकी साम्राज्यवादर्ला समूल नष्ट गरिदैन तबसम्म नेपालको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक स्थिति पनि खतम हुन सक्दैन। अतः आजको हाम्रो क्रान्तिको लक्ष्य १) नेपालबाट सम्पूर्ण सामन्ती शोषण र यसको रक्षा गर्ने किल्लाको रूपमा काम गरिरहेको शाही पञ्चायती राज्ययन्त्रलाई समूल नष्ट गर्नु तथा २) विदेशी एकाधिकार पूँजीवाद, खास गरी भारतीय एकाधिकार पूँजीवाद तथा अमेरिकी साम्राज्यवादलाई खतम पार्नु हो। (भुसाल (सं.)ः२०७३, पृ. ११२)

त्यस्तै सम्मेलनले संयुक्त आन्दोलनलाई कार्यनीतिको रूपमा पारित गऱ्यो। दस्ताबेजमा यस्तो लेखिएको छः

सामन्ती अधिनायकवादी पञ्चायती व्यवस्थासँग अन्तर्विरोध राख्ने समस्त वर्ग तथा वर्गीय स्तरहरूसँग एकता कायम गर्ने र मुख्य रूपले आफ्नो सम्पूर्ण शक्ति पञ्चायती व्यवस्थाको विरोधमा आन्दोलन उठाउनमा लगाउने कार्यनीति हुनुपर्दछ। किनकि सामन्ती अधिनायकवादी पञ्चायती व्यवस्था विरोधी आन्दोलननै आजको स्थितिमा मुख्य मिलनको बिन्दु हो। (भुसाल (सं.)ः२०७३, पृ. १४७)

केही विश्लेषकहरूले २०२५ सालको यो सम्मेलनलाई पुष्पलाल विचलनबाट पुनःक्रान्तिकारी धारमा आएको विश्लेषण गर्छन्। पुष्पलालमा विचलन आएको थियो वा उहाँ तत्कालीन राजनीतिक परिवेशमा निकास खोज्दै हुनुहुन्थ्यो बहसकै पाटो हो। चर्चित वामपन्थी नेता तथा विश्लेषक कृष्णदास श्रेष्ठले लेखेका छन्ः

पुष्पलाल सैद्धान्तिक-राजनैतिक दृष्टिले विचलनवादीबाट पूर्ण अवसरवादीमा विकसित हुनुभएन ।...नयाँ जनवादी दिशातर्फ पुष्पलालको पुनरागमन २०२५ सालतिर भयो र त्यसपछि आफ्ना बाँकी जीवनभर उहाँ उक्त कार्यदिशामा अविचलरूपमा डटेर रहनुभयो । जब उहाँ नयाँ जनवादी बाटोमा फर्कनुभयो, उहाँले विचलन-स्थितिको बोलको आफ्नो राजनैतिक अडानलाई छोडेर त्यसको विपरीत अडान लिनुभयो। (श्रेष्ठः२०६१, पृ.३७)

यो सम्मेलनले मार्क्सवाद, लेनिनवाद र माओविचारधारालाई आफ्नो मार्गदर्शक सिद्धान्त बनायो । त्यस्तै राजतन्त्रको विरोध, नयाँ जनवादी प्रजातन्त्र प्रति प्रतिबद्धता, ख्रुश्चेवको संशोधनवादको विरोध जनायो।

यो सम्मलेन पछि पुष्पालको नेतृत्वमा संघर्षहरू तीव्र गतिमा बढेको देखिन्छ। अनुभवको कमीका कारण केही संघर्षहरूमा भने अराजकता पनि हावी भएको पाइन्छ। खास गरी लुम्बिनी र गण्डकीका भएका संघर्षहरू त्यस्ता देखिन्छन्। यस्तै यस्तै घटनाहरूले भने पुष्पलालसँग युवा कार्यकर्ताको तिक्तता बढेको देखिन्छ। बिस्तारै पुष्पलालबाट टाढिएर आ-आफ्नो बाटो खोज्ने जमर्को शुरु हुन्छ। यहीं क्रममा मदन भण्डारी, जीवराज आश्रित, मोदनाथ प्रश्रित अलगिएका छन्। यहीं क्रममा पछि नारायणमान बिजेक्छु 'रोहित'ले नयाँ पार्टी स्थापना गरेका छन्।

जेलबाट निस्किएपछि मनमोहन, शम्भुराम, मोहनविक्रम, जयगोविन्द साह, निर्मल लामा, भरतमोहन अधिकारी लगायतले 'केन्द्रीय न्युक्लियस' गठन गरे । २०३१ सालमा मोहनविक्रमलगायतले 'चौथो महाधिवेशन' गरे । यहीं क्रममा मोहनविक्रमले 'गद्दार पुष्पलाल' प्रकाशन गरे। नेपाली कम्युनिष्ट आन्दोलन वैचारिक र कार्यनीतिक मतभेदहरूलाई असहिष्णुको चरमको उदाहरण बनेको यो घटना।

**समाज अध्येता पुष्पलाल**

आफ्ना समकालीन नेताहरूभन्दा फरक पुष्पलाल राजनीतिक कर्महरूमा मात्र सीमित हुनुभएन । उहाँ नेपाली समाजको अध्ययन गर्ने, नेपाली इतिहासलाई मार्क्सवादी दृष्टिकोणले केलाउने र त्यसको आधारमा नेपाली क्रान्तिको कार्यक्रम तय गर्ने ऐतिहासिक जिम्मेवारी वहन गर्नुभयो। कम्युनिष्ट घोषणापत्रको अनुवाद प्रकाशनको क्रममा लेखेको भूमिकामा पुष्पलालले नेपालको सामन्तवाद बेलायती साम्राज्यवादको गठजोडले नै कायम रहेको औंल्याउनुभयो। उहाँले लेख्नुभयोः

भारतमा अंग्रेजी साम्राज्यवाद भारत र वरपरका देशहरूमा सामन्तवाद मात्रै कायम गरेर बाँच्न सक्दथ्यो । यसकारण अंग्रेजी साम्राज्यवादले भारतमा सामन्तवादलाई कायम गुर्नका साथसाथै नेपाल र तिब्बतमा पपिन सामन्तवादलाई नै कायम राख्यो। (भुसाल (सं.)ः२०७३, पृ.४)

नेपाली समाजको विश्लेषणको क्रममा पुष्पलाल नेपाली समाज अर्धसामन्ती र अर्धऔपनिवेशिक रहेको निष्कर्षमा पुग्नुभयो। २०२५ को तेस्रो सम्मेलनबाट नयाँ जनवादी कार्यक्रम पारित गर्दा उहाँ दीर्घकालीन सशस्त्र संघर्षमार्फत् नयाँ जनवाद स्थापना गर्नुपर्ने निष्कर्षमा पुग्नुभयो।

'नेपालमा मातृसत्तात्मक समाज' जस्तो गहन निबन्धमा पुष्पलालले नेपाली इतिहासको सन्दर्भमा रहेका मिथकहरूमाथि प्रश्न गर्नुभयो। निबन्धमा उहाँले लेख्नुभएको छः

नेपाल उपत्यकामा मानव जातिको बसोबासको शुरुवात क्रमशः चीन अथवा भारतबाट मञ्जुश्री तथा ने मुनिहरू आई बसालिएको हो भन्ने गलत सावित गर्दछ। हाम्रो पूर्वज मञ्जुश्री तथा नेमुनि नभई अब बज्रयोगिनी हुन आउँदछ। बज्रयोगिनीका सन्तान भन्नाले हाम्रो पूर्वजको रेखा पितृसत्तात्मक नभई मातृसत्तात्मक समाजमा जान्छ। (भुसाल (सं.)ः२०७३, पृ. ३१५)

'नेपालमा राजतन्त्रको उत्पत्ति, विकास र त्यसको भविष्य (अन्त)' २०३३ सालमा प्रकाशित पुष्पलालको निकै गहन निबन्ध हो । पञ्चायती व्यवस्थाले स्थापित गर्न कोशिस गरेको 'राजतन्त्र अनादि कालदेखि चल्दै आएको र चलिरहने' भन्ने अवधारणा र बि.पी.कोइराला पनि 'राजाको यश कीर्ति नओइलाउने' निष्कर्षमा पुगेको सन्दर्भमा पुष्पलालले समाजमा राजतन्त्रको उदयको पृष्ठभूमि, त्यसको विकास क्रम र समाज विज्ञानको नियमअनुसार हुने अनिवार्य पतनलाई स्पष्ट पार्नुभयो।

पुष्पलाल नेपाली समाजको गहन अध्ययनको क्रममा हुनुहुन्थ्यो भन्ने तथ्य विभिन्न कृतिहरूको अध्ययनबाट तयार गर्नुभएको नोटहरूबाट देखिन्छ। अध्ययनको क्रममा नेपाली समाजलाई भौतिकवादी दृष्टिकोणबाट सर्वेक्षण गर्नुपर्ने निष्कर्षमा पुगेर पुष्पलालले निकै गहन र भविष्यसम्मलाई मार्गदर्शन हुने निबन्ध 'नेपाली समाजको ऐतिहासिक सर्वेक्षणको आवश्यकता' लेख्नुभएको छ। उक्त निबन्धमा इतिहास र समाज विकासको नियमबारे आफ्नो समझदारी यसरी लेख्नुहुन्छः

इतिहास मुख्यतः सप्राण सामाजिक संगठन हो, जसमा कुनै निश्चित नियम अनुसार संघटन र विघटनको कृया चालुनै भैरहेको हुन्छ। यो सामाजिक कृया एक अन्तहीन रचनात्मक कृया हो, त्यहीं संघटन र विघटनको कृयाले गर्दा समाजमा हमेशा एक शक्तिको नाश र अर्को शक्तिको विकास भैरहेको हुन्छ। कुनै पनि समाजको उत्पादनको व्यवस्थामा परिवर्तन आउनका साथै समाजको अन्य सम्पूर्ण ढाँचामा त्यसको छाप पर्न थाल्दछ, र तिनमा पनि परिवर्तनको लक्षण देखापर्दछ । उत्पादनको व्यवस्थाबाट उत्पन्न हुने संघटन र विघटनको कृया नै समाज विकासको नियम हो ।(भुसाल (सं.)ः२०७३, पृ.३५७)

**समालोचनका केही विषयहरू**

पुष्पलालको राजनीतिक जीवन र वैचारिक योगदानहरूको संक्षेपमा चर्चा गरिसकेपछि म बुँदागत रूपमा समालोचनका लागि केही विषयहरू यहाँ राख्दछु।

- पुष्पलालको राजनीतिक जीवनबारे विवेचना गर्दा ध्यान दिनुपर्ने पक्ष भनेको उहाँको व्यक्तित्वको विनिर्माण हो । शीतयुद्ध प्रारम्भ भइसकेको र स्वतन्त्रता संग्रामहरूले विजय प्राप्त गरी स्वाधीन राष्ट्रहरू बनिरहेको त्यो समय नेतृत्वदायी छविको निर्माणको पनि थियो । हरेक देश र हरेकजस्तो विचारधारामा एउटा एउटा आइकन स्थापित भइरहेका/गराइरहेका थिए । भारतीय राष्ट्रिय आन्दोलनमा गान्धी, नेहरू, चीनमा माओ, भियतनाममा हो चि मिन्हमात्र नभई नेपालमै पनि बीपी कोइराला एउटा नायकको रूपमा स्थापित गराइएका थिए। महेन्द्रको निरंकुश शासनमा जेलमा बन्दी भए पनि वा निर्वासित भए पनि उनी आफ्ना कार्यकर्ता र समर्थकमाझ एउटा नायकका रूपमा स्थापित भए। तर, नेपाली कम्युनिष्ट आन्दोलनको संस्थापक नेता भइकन पनि पुष्पलाल त्यो तहमा स्थापित भएनन् वा गराइएनन्। किन ? यसका केही निश्चित कारण छन्। पहिलो, नेपाली कम्युनिष्ट आन्दोलनको पहिलो चरणमै केन्द्रीय तहका नेताहरू अधिकांश उच्च मध्यम वर्गीय परिवारबाट आएका थिए। उनीहरू पुष्पलालजस्तो कम पठित र निम्न मध्यमवर्गीय परिवारबाट आएका व्यक्तिलाई नेता मानिरहन चाहँदैनथे। उनलाई चीन जान रोकेको र उनको कार्यक्रम पारित हुँदा पनि महासचिव नबनाएकोबाट यो पुष्टि हुन्छ। अर्कोतर्फ, आज पुष्पलालको चर्चा गर्नेमध्ये अधिकांश वा सबैजसोको पृष्ठभूमीमा कुनै न कुनैबेला पुष्पलालको विरोधको इतिहास छ । चाहे त्यो झापाली समूहको पृष्ठभूमीमबाट आएको होस् वा पुष्पलालबाट विभाजित भएकाहरू नै। यस्तो किन भयो त ? ०१७ सालपछि रायमाझी भंगालोमा नजाने कम्युनिष्टहरू पनि पुष्पलालको विरोधी किन बने र किन 'गद्दार'जस्तो उपमा उहाँलाई लगाइयो ?'क्रान्तिकारी रुमानी'ले नेपाली कम्युनिष्ट आन्दोलनमा पारेको प्रभावबारे गहिरो, निर्भिक र स्वतन्त्र समीक्षा जरुरी छ। हामीलाई नायक चाहिन्छ कि चाहिँदैन ? यो प्रश्नको विषय हो तर पुष्पलालको नायकत्वलाई स्थापित हुन नदिएको हामीले नै हो।

- बीपी कोइरालाका जस्ता डायरी, संस्मरण, साहित्य लगायतका पुष्पलालका सिर्जना हामीसँग उपलब्ध छैन्। त्यसैले उहाँको मानवीय स्वभावबारे विस्तृत थाहा पाउन सकेका छैनौं। २००९ सालमा प्रगतिशील लेखक संघ गठनमा योगदान गरेका पुष्पलालका साहित्यिक रचनाहरू पनि छन् कि ? जीवनको अन्त्यतिर बनारसमा सबै पुराना साथी, कमरेडबाट दुत्कारिएका वा परित्यक्त, आर्थिक अभावले पिरोलिएका, परिवारबाट टाढा रहेका पुष्पलाल आफ्नो जीवनलाई कसरी सिंहावलोकन गर्नुहुन्थ्यो होला ? जीवनको अन्तिम क्षणमा पुष्पलालले आफ्नी पत्नी सहाना प्रधानलाई 'तिम्रो निमित्त केही गर्न सकिन। अब अगाडिका कामहरू पक्कै पनि तिमीले गर्छ्यौ होला' भन्नुभएको थियो(श्रेष्ठ, २०६०, पृ. ८६) । एकातिर वैयक्तिक सुख दिन नसकेको पीडाबोध र अर्कोतिर बाँकी काम अर्थात् क्रान्तिको अधुरो कार्यभार पूरा गर्ने आशाले पुष्पलालको व्यक्तित्व एउटा महत्त्वपूर्ण पक्ष उजागर गर्छ।

- भारतीय कम्युनिष्ट आन्दोलनमा कमिन्टर्नको प्रभाव बढी भएकाले नेपालमा पनि रुसी क्रान्तिको सफलताको प्रभाव परेकै थियो । तर, पुष्पलालको वैचारिकी निर्माणमा भने रुसी पद्यति भन्दा बढी चिनियाँ क्रान्तिको सफलता र माओको शैलीको प्रभाव परेको देखिन्छ। माओ विचारधाराबाट प्रभावित नृपेन्द्र चक्रवती लगायतका बंगाली कम्युनिष्टहरूको सरसंगतबाट उहाँमा कम्युनिष्ट विश्लेषण पद्दतिको निर्माण भएकाले त्यसको प्रभाव प्रष्ट देखिन्छ जसको उदाहरण हो, उहाँले गरेको समाज विश्लेषण। माओको 'चिनियाँ समाजमा वर्गहरूको विश्लेषण' सरह नै नेपाली समाजको वर्ग-विश्लेषण। यसले नेपाली कम्युनिष्ट आन्दोलनलाई एउटा जगमात्र प्रदान गरेन दीर्घकालसम्म प्रभाव पार्ने राजनीतिक कार्यक्रम पनि दिइरह्यो । नेपाल 'अर्धसामन्ती र अर्धऔपनिवेशिक' भएको र यसको क्रान्तिको लक्ष्य 'नौलो जनवाद' हुनुपर्ने निष्कर्षले नेपाली कम्युनिष्ट आन्दोलनलाई आज पर्यन्त प्रभाव पारिरहेको छ। आजको नेपाली समाजको विश्लेषण पुष्पलालबाट कति नजिक वा कति टाढा हुन्छ ?

- पुष्पलालले आफ्नो समयको नेपाली समाजको अध्ययन गर्ने कोशिस गर्नुभयो। हरेक व्यक्तिका जस्तै उहाँका पनि सीमाहरू थिए। विश्वविद्यालयको लामो पृष्ठभूमि पनि नभएको र अर्कोतर्फ आफुभन्दा अगाडि नेपाली समाजलाई मार्क्सवादी दृष्टिकोणले विश्लेषणको कुनै पनि प्रयत्न नभएको अवस्थामा नेपाली क्रान्तिको कार्यक्रम निर्माण गरेर दिशानिर्देश गर्नु घनघोर अँध्यारोमा दियो बालेसरह नै थियो। तर पनि अर्थराजनीतिको अध्ययनको कमी भने पुष्पलाल र सिँगो नेपाली कम्युनिष्ट आन्दोलनमा खट्किरहेको पक्ष हो। नेकपाको घोषणापत्रको क्रममा देशको २५ प्रतिशत जनसङ्ख्या देश बाहिर छ भनी पुष्पलालले उल्लेख गर्नुभएको थियो। अहिले देशको कूल ग्राहस्थ उत्पादनको २५ प्रतिशत विप्रेषणले धानिरहेको छ । पुष्पलालको समयभन्दा निकै फरक विश्व परिवेशमा छौं हामी। विश्वभर नै औसत आयु बढेको छ, मातृ तथा शिशु मृत्युदर ह्वात्तै घटेको छ, विद्यालय शिक्षामा पहुँच बढेको छ। नेपालकै हकमा हिजोजस्तो चरम गरिबी र अभाव छैन। पुष्पलालले नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र लेख्दा आधारभूत आवश्यकता नै ठूलो विषय थियो । अहिले त्यो अवस्था छैन। तर, असमानताका नयाँ रूपहरू छन्। देश विश्व पूँजीवादी प्रणालीको अभिन्न अंग भइसकेको छ । परिधिमा धकेलिएको नेपालले विश्व एकाधिकार पूँजीवादको लागि सस्तो श्रम उपलब्ध गराइरहेको छ। विश्वव्यापीकरणसँगै नेपाली युवाहरू विश्व पूँजीवादका मजदूर भएका छन् जसले उनीहरूको वैयक्तिक जीवनस्तर उकासिदिएको छ। हरेक तेस्रो मानिसको खुट्टामा जुत्ता नहुने अवस्था अब छैन । तर, श्रम प्रवासन चुलिँदो छ । हातमा स्मार्ट फोन बोकेर डिजिटल प्रविधिको उपयोग गरिरहेको आजको मजदूर वर्ग विश्व पूँजीवादको सपना देखिरहेछ। असिमित आकांक्षाले थिचिएको युवा पुस्ता एक्लो र व्यक्तिवादी बनेको छ । स्पष्टतः अब पुष्पलालको निष्ठा र प्रतिबद्धताले मात्रै हामीलाई पुग्दैन। त्यो भाष्यले मात्रै हामीलाई पुग्दैन । वैयक्तिक स्वतन्त्रतालाई केन्द्रमा राखेको र त्यो स्वतन्त्रताको धेरथोर उपयोग गरिरहेको युवाका निम्ति हिजोको समाजवादी अवधारणाले कत्तिको उद्वेलित गर्ला ? यो प्रश्न किन पनि आवश्यक छ भने, नेपालमा कम्युनिष्ट आन्दोलन अवसानउन्मुखमात्र छैन असन्तोषको कारक पनि भएको छ । एकपछि अर्को आन्दोलनको पतन, नेतृत्वको विघटन, सत्तापासोमा अल्झिएको यथार्थले जुन निराशा पैदा गरेको त्यो निराशालाई चिर्ने आशाको स्रोत हामीसँग के छ ? पुष्पलाल हाम्रा निम्ति आदर्श हुनसक्छन् तर त्यो आदर्शलाई हामी आफैँले सत्ता स्वार्थको भऱ्याङ बनाएको तितो यथार्थ बिर्सन सकिँदैन।

- कम्युनिष्ट घोषणापत्र प्रकाशन लगत्तै नेकपा गठन गर्ने क्रममा पुष्पलालले नृपेन्द्र चक्रवर्तीसँग आर्थिक सहयोगको अपेक्षा गर्नुभएको थिए । चक्रवर्तीको भनाई थियो– नेपाली कम्युनिष्ट आन्दोलन नेपाली जनताको खुट्टामा उभिनुपर्छ । चक्रवर्तीको जवाफले पुष्पलाल औधी प्रभावित हुनुभएको थियो। आन्दोलन आफ्नै खुट्टामा उभिएको हुनुपर्छ भन्नेमा पुष्पलाल जीवनपर्यन्त सचेत हुनुहुन्थ्यो। यहीं कोणबाट आजको कम्युनिष्ट आन्दोलनको विमर्श गरौं। नेपाली कम्युनिष्ट आन्दोलन कति नेपाली जनताको भरमा छन् ? कतिपय कम्युनिष्ट नामधारी पार्टीहरूबाट आइएनजिओ/एनजिओ हटाइदिने हो भने के बाँकी रहँला भन्ने प्रश्न नजायज नहोला। के नेपाली कम्युनिष्ट आन्दोलनले नेपाली समाजको खास अन्तरविरोधहरूलाई पहिचान गर्न सकेको छ ? वा 'थोपरिएको' ज्ञानलाई शिरोधार्य गरिरहेको छ ?

- पुष्पलालले कम्युनिष्ट घोषणापत्रको अनुवाद प्रकाशन गर्दै गर्दा सोभियत संघ विश्व कम्युनिष्ट आन्दोलनको स्तम्भको रूपमा खडा थियो भने चिनियाँ कम्युनिष्ट आन्दोलन विजयको सम्मुख थियो । पुष्पलालको जीवनकालमै सोभियत संशोधनवाद शुरु भयो र महान बहसको थालनी भयो। सोभियत संघको २० औं महाधिवेशनमा सहभागी भएका पुष्पलालले स्टालिनको निन्दाप्रति असन्तुष्टि जनाएका अपुष्ट भनाईहरू पनि छन्। तर, अहिले संसारभरी नै वाम आन्दोलन रक्षात्मक अवस्थामा पुगेको छ । सोभियत संघको विघटनपश्चात यो अवस्था सिर्जना भएको विश्लेषण गरिने गरिएता पनि सोभियत अभ्यासबाटै यसको मूल्याङ्कन आवश्यक छ । राज्यको विलोपीकरणको परिकल्पना गर्ने मार्क्सवादी दर्शनको राज्य अभ्यास किन राज्य केन्द्रित र बलियो राज्य निर्माणमै केन्द्रित भयो ? कर्मचारीतन्त्रमा आधारित शासन व्यवस्थाको वेबर मोडललाई नै किन जोड दिइयो ? र, के त्यो अभ्यास सोभियत संघमा मात्रै सिमित भयो त ? चीनसहित पूर्वी एशियाली अभ्यासहरू किन भिन्नै हुन सकेनन् ? सोभियत संघको विघटनका जगहरू कहाँ थिए ? र, सोभियतको विघटन लगत्तै किन रुस ओलीगार्चीमा विकसित हुनसक्यो ? त्यसका बीजहरू सोभियत समाजवादमै कसरी रोपिए ?यी यस्ता केही प्रश्नहरू हुन् जसले हामीलाई मार्क्सवादको सोभियत र चिनियाँ अभ्यासभन्दा पर उभिएर विश्व कम्युनिष्ट आन्दोलनको विवेचना गर्नुपर्ने बिन्दुमा पुऱ्याउँछ।

- पुष्पलालले थालनी गर्नुभएको नेपाल कम्युनिष्ट आन्दोलन अनेकौ पार्टीमा विभाजित भयो। अनेकौ धार समातेर अगाडि बढ्यो । पुष्पलालले सारेको तत्कालीन कार्यक्रमजस्तै दुई-दुई पटक संयुक्त जनआन्दोलन भयो । पुष्पलालले 'सशस्त्र किसान संघर्ष' भनेजस्तै 'सशस्त्र संघर्ष' पनि भयो। नेपालबाट राजतन्त्र अन्त्य भई गणतन्त्र स्थापना पनि भयो।

नेपाली कम्युनिष्टको एउटा धारा संसदीय अभ्यासलाई नै जोड दिन पुग्यो र पटक-पटक सरकारको नेतृत्व गऱ्यो ।पुष्पलाल यसरी 'बुर्जुवा स्थायी राज्यसत्ता' विद्यमान भएको सरकारमा सहभागिता र नेतृत्वबारे के सोच्नुहुन्थ्यो होला ? के यो पुष्पलालको 'नयाँ जनवाद'को कार्यक्रम थियो वा पहिलो महाधिवेशनबाटै देखापरेको मनमोहनको लाइनको विकसित रूप हो ? अर्कोतर्फ, सरकारको नेतृत्व गरेका कम्युनिष्ट पार्टीहरूले साँच्चै मार्क्सवादी सिद्धान्त अनुसार कति योगदान गर्न सके ? 'नौलो जनवाद'को कार्यक्रम अनुसार नै सरकारको नेतृत्व गरेको स्वीकार्ने हो भने पनि 'राष्ट्रिय पूँजी'को विकास गर्दै समाजवादको आधार तयार गर्न के कति योगदान गरे ?

- नेपाली कम्युनिष्टहरूको विभिन्न तहको शासन अभ्यास हेर्दा खट्किने महत्त्वपूर्ण पक्ष हो– कम्युनिष्ट ढंगको शासन अभ्यास नहुनु । कुनै बुर्जुवा सरकार र 'कम्युनिष्ट सरकार'बीचमा आधारभूत भिन्नता देखिदैन । उदाहरणको लागि, सशस्त्र संघर्ष गरेर आएको माओवादीले नेतृत्व गरेको, माओवादी गढको रूपमा चिनिएको, युद्धकालमा 'कम्युन'को अभ्यास गरिएको भनिएको रोल्पमा पनि 'विकास'को परिभाषा र मोडेल 'भ्यु टावर' बनाउने नै छ। यो नेपाली कम्युनिष्ट आन्दोलनको सैद्धान्तिक विचलन, प्रवृतिगत समस्या वा ज्ञानको कमी के हो ? नेपाली समाजको गहन अध्ययन र ज्ञान उत्पादनमा अरुचि नेपाली कम्युनिष्ट आन्दोलनको सबैभन्दा कमजोर पक्ष हो।

- भारतीय भूमिमा निर्वासन बसेर नेपाली कम्युनिष्ट आन्दोलन अगाडि बढाउनु पुष्पलालको लागि सहज थिएन। भारतीय भूमिमा आश्रय लिँदालिँदै पनि उहाँले भारतीय शासक वर्गको औपनिवशिक सोचको सँधै विरोध गर्नुभयो । बंगलादेशको प्रसंगमा उहाँको धारणा एकखालको भए पनि सिक्किमको प्रसंगमा उहाँले विरोध गर्नुभएको थियो । यो पुष्पलालको वैचारिक प्रतिबद्धता र व्यक्तित्वको एउटा विशेष पाटो हो। उहाँ 'संयुक्त आन्दोलन'को कार्यनीति अगाडि सार्नुभएको थियो तर बि.पी. र सुवर्णको 'राजासँगको झुकाव' र बिपीको 'राष्ट्रिय मेलमिलापको नीति'को आलोचना पनि गर्नुभएको थियो । जीवनको अन्तिम क्षणमा पनि उहाँले भारतीय सहयोगलाई प्राथमिकता दिनुभएन। आफ्नो विचारको लागि जीवनको अन्तिमसम्मको त्यो दृढता र समर्पण उदाहरणीय र शिक्षाप्रद छ। तर, अहिले नेपाली कम्युनिष्ट आन्दोलन र नेतृत्वको जीवनशैली र सम्पर्कका दायराहरू पुष्पलाललाई लज्जित गराउने खालको छैनन् र ?

- दक्षिण एसियामा जबरजस्ता फैलिरहेको मोदी नेतृत्वको 'फासिवादी' हिन्दुवादबाट नेपाली कम्युनिष्ट नेताहरू अप्रभावित भइरहन सक्लान् ? यदि पुष्पलाल भएको भए छिमेकमा भईरहेको वितण्डा र अल्पसङ्ख्यमाथिको दमन विरुद्ध आवाज उठाउथे वा मौन बस्थे ? 'फासिवादी' पार्टीसँग 'कम्युनिष्ट' पार्टीको सम्बन्ध कुन दर्शनमा आधारित छ ?

२०३५ साउन ७ गते उपचारका क्रममा नै प्रवासमा पुष्पलालको निधन भयो। उहाँको निधनसमयमा पनि उहाँका कैयौं समकक्षी, उहाँबाट टाढिएका कम्युनिष्ट नेताहरूको उपस्थितिको अभावले नेपाली कम्युनिष्ट आन्दोलनमा रहेको असहिष्णुता, सद्भाव र सांस्कृतिक कमजोरी प्रकट गर्दछ। नेपाली कम्युनिष्ट आन्दोलन यी समस्याहरूबाट माथि उठ्नु उठ्नु आवश्यक छ। पुष्पलालले थालनी गरेको कम्युनिष्ट आन्दोलनको मसाल कहिले तेज र कहिले मन्द भएको छ। वर्तमान परिवेशमा यो मसाललाई अझै तेजिलो बनाउने कैयौं कठिनाईहरू सामुन्ने छन् । चुनौतीपूर्ण समयमा आन्दोलनको कार्यक्रम पहिल्याउन प्रयत्न गर्ने र मार्क्सवादी दर्शनको आलोकमा नेपाली समाजको अध्ययन गर्न प्रयत्न गर्ने पुष्पलाल हाम्रो मार्गदर्शक हुनुहुन्छ। नेपाली कम्युनिष्ट आन्दोलन पुष्पलालभन्दा धेरै पर आइसकेको छ यद्यपि पुष्पलालको जस्तो समर्पण र जुझारु स्वभाव अझै आवश्यक छ।

हरेक युगको आफ्नै चुनौती र सम्भावना हुन्छ। पुष्पलालले आफ्नो युगको चुनौती पहिचान गर्नुभयो, सामना गर्नुभयो र सम्भावना खोजी गर्नुभयो। हाम्रो युगको चुनौती पहिचान गर्ने र सम्भावना खोज्ने जिम्मेवारी हाम्रो हो।

वर्तमान नेपाली समाजको गहन विश्लेषण गरेर नेपाली कम्युनिष्ट आन्दोलनलाई दिशा प्रदान गर्ने हजारौं हजार पुष्पलाल अहिलेको आवश्यकता हो।

---

**असारे....**

रेसुङ्गा नगरपालिका ६ का उपभोक्ता सूर्यबहादुर सोमै र त्यस सडकमा नालीको काम गरी रहेका बुद्ध विकले पानी परिरहेको समयमा पिच गरेको र सोही दिन नै पिच बगाएर लगेको बताए। 'थप पिच गर्छ होला भन्ने लागेको थियो । तर थप पिच गरेन ।'- उनीहरुले भने।

९० प्रतिशत भौतिक प्रगति र ८० प्रतिशत वित्तीय प्रगति भएको सडक पूर्वाधार विकास कार्यालय गुल्मीले जनाए पनि सडक दुर्घटना न्यूनीकरण गर्न सडक छेउमा गाडिएका डेलिनेटर पोस्ट एउटै हातले उखेल्न सक्ने अवस्था छ । त्यस कार्यालयका अनुसार निर्माण कम्पनीले ६ करोड ९ लाख ९९ हजार ८ सय १० रुपैयाँ भुक्तानी लगिसकेको छ । सडकमा उक्त कमजोरी देखिएपछि पुनः दोस्रो चरणको कार्य गर्नलाई निर्माण कम्पनीलाई ताकेता गरिएको सडक पूर्वाधार विकास कार्यालय गुल्मीका प्रमुख सच्चिदानन्द चौधरीले बताए।

सदरमुकाम भित्रकै सडक ठेक्का सम्झौता भएको ८ वर्षपछि निर्माण व्यवसायीलाई खोजी खोजी काम गराइएको भए पनि यो झारा टराइले असारे विकासको अर्को तमासा देखिएको छ। सडक पूर्वाधार विकास कार्यालयका अनुसार रेसुङ्गा नगरपालिकाले बाँकी भुक्तानी रोक्नका लागि सो कार्यालयलाई पत्राचार समेत गरेको छ।

सदरमुकाम तम्घासको अर्घाखाँची जीप पार्कबाट पश्चिम गुल्मी हुँदै प्यूठान, दाङसम्म जोड्ने मुख्य सडकको सुरुवाती नै यो हालत छ भने बाँकी निर्माण कार्य कस्तो होला भनेर उपभोक्ताहरूले प्रश्न गर्न थालेका छन्।

## मोटरसाइकल हराएको सूचना

मेरो निम्न व्यहोरा भएको मोटरसाइकल यही मिति २०८१।०३।१३ गते राति करिब ९.३० बजेको समयमा बुटवल-१३ नुवाकोट जानेबाटो भ्यू प्वाइन्टबाट पार्किङ्गमा रहेको अवस्थामा हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु होला।

| | |
|---|---|
| नामः | प्रदीप वि.क. |
| ठेगानाः- | सैनामैना-१, रुपन्देही |
| मोटरसाइकल न.ः- | लु ९२ प ८१९८ |
| इन्जिन नं.ः- | BG7FN2X01478 |
| च्यासिस नं.ः- | MD626AG79N2F01170 |
| मोडल ः- | TVS NTORQ 125 Drum |
| मोबाइल नं.ः- | ९८६७१४१५३६ |

शिवराज नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिव कुमारी चौधरी
उप-प्रमुख

अजय थापा
नगर प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# आवर पिसल्याण्डले गऱ्यो विद्यार्थी सम्मान



बुटवल। भर्खरै मात्रै प्रकाशित भएको एसईईको नतिजामा आफ्नो शतप्रतिशत नतिजालाई निरन्तरता दिएको बुटवल ७ मा रहेको आवर पिसल्याण्डले बधाई एवं सम्मान कार्यक्रम गरेको छ। एक कार्यक्रमको आयोजना गर्दै एसईईमा विद्यालयको १३ ब्याचबाट एसईईमा सहभागी २९ जना विद्यार्थीहरू उत्तीर्ण भएका विद्यार्थीहरुलाई बधाई तथा सम्मान गरिएको हो।

कार्यक्रममा बुटवल उप-महानगरपालिका माध्यमिक शिक्षा शाखा उपनिर्देशक टिकाराम पन्थीले देशभरको नतिजा राम्रो नआएको अवस्थामा पनि यस विद्यालयले शतप्रतिशत नतिजा ल्याएको भन्दै विद्यालयले जस्तोसुकै अवस्था पनि शतप्रतिशत नतिजा निकाल्छ भन्ने प्रमाणीकरण गराएको बताए। उनले एसईई सानो क्षेत्र भएकोले आगामी दिनका यात्राहरूमा विद्यार्थीहरूले ध्यान दिन जोड दिँदै अझैं सफलताको लागि शुभकामना व्यक्त गरे।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष कुलानन्द पाण्डेले विद्यालयले वर्षौंदेखि उत्कृष्ट नतिजा ल्याइरहे पनि विद्यार्थीहरू अन्य स्थान जाने गरेको भन्दै आफ्नै नजिकको विद्यालयमा आफ्ना सन्तति अध्यापन गराउन आग्रह गरे।

विद्यालयका प्रधानाध्यापक गंगा भण्डारीले हरेक वर्ष शतप्रतिशत नतिजा ल्याइरहेका बताउँदै यो सफलतालाई बाहिर पुऱ्याउन नसकेको गुनासो गरिन। उनले विद्यालयका महत्त्वपूर्ण उपलब्धिहरू नजिककै स्थानीयले थाहा पाउन नसकेको बताइन्।

कार्यक्रममा अभिभावक संघ रुपन्देही अध्यक्ष लोकनाथ ज्ञवालीले देशभरमा नै आएको नतिजालाई आवर पिसल्याण्डले तोडेको भन्दै शुभकामना व्यक्त गरे। एसईईमा विद्यालयबाट ३ जनाले ग्रेड ए प्लस, १७ जनाले ग्रेड ए, ९ जना बि प्लस ल्याएका छन्।

२०५९ सालमा स्थापना भएको यस विद्यालयमा प्ले ग्रुपदेखि कक्षा १० सम्म करिब ५ सय विद्यार्थीहरू अध्ययन गर्दै आएका छन् भने ३२ जना शिक्षक कर्मचारी रहेका छन्। विद्यार्थीहरुलाई मायाको चिनो समेत प्रदान गरिएको कार्यक्रम सञ्चालक शिक्षक रोमाञ्च पुनले जानकारी दिए।

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन यो।
ईन्द्रै विन्ति गरुन भुकेर पदमा त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक श्रद्धाञ्जली

जन्मः
२०१३।०५।२४



स्वर्गारोहणः
२०८१।०३।२०

स्व. ऋषिराम ज्ञवाली

सिद्धार्थ पब्लिकेशन प्रालिका पूर्व अध्यक्ष एंव समाजसेवी **ऋषिराम ज्ञवाली**को ६८ वर्षको उमेरमा भएको निधनले हामीलाई स्तब्ध बनाएको छ। तपाईले यस संस्थाको संस्थागत विकासमा पुऱ्याउनु भएको योगदान सधैं सम्झिरहने छौं। तपाईले मार्गनिर्देश गरेको बाटो हामीलाई सधैं प्रेरणादायी हुनेछ। शोकको यस घडीमा तपाईप्रति हार्दिक श्रद्धाञ्जली एंव परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

**एमबी विश्वकर्मा**
सल्लाहकार

एवम्

**मोहन चापागाई**
अध्यक्ष

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com